## दाउरो बोलकबोलद्वारा काठ तथा दाउरो बोलकबोलद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सुचना प्रकाशित मिति: २०८३-०४-१६ गते

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८७ मिति २०८२-११-०१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरुमध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ०३ मिति २०८३-०४-०५ गते बाह्य लिलाम सहमती बमोजिम समुहको घाटगद्दीमा रहेका साल, अस्ना, जामुन, दबदबे, धौटी, आबादी सिसौ, खयर लगायत अन्य जातका कुल जम्मा गोलिया थान ६०४ को ३३५८.२७ क्युफिट काठ, साल जातको दाउरा ५.७५ चट्टा, अन्य दाउरा ८.०० चट्टा र झाडी सफाईको १..०० चट्टा दाउरालाई जे-जस्तो अवस्थामा छ आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। उत्सुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स मिल वा कम्पनीले यो पहिलोपटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र १२:०० बजेभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष

**श्री सिद्ध साईकुमारी सामुदायिक वन उपभोक्ता समुह**

**राप्ती सोनारी-२, बाँके**